।।श्री ।।

# मोरङ जिल्ला अदालत

विराटनगर

तहसिल शाखा

पत्र संख्या :२०७८/०७९
चलानी नं. :

Website(Central):www.supremecourt.gov.np
Email :tahasil.dcmorang@supremecourt.gov.np

मितिः २०७८।१०।२४

मोरङ जिल्ला अदालत विराटनगर २०७९

**सूचना!!** **सूचना!!** **सूचना!!**

## विषयः- लिलाम बढाबढ सम्बन्धी सूचना ।

यस अदालतमा विभिन्न मुद्दाहरूमा दशीको रुपमा प्राप्त भई जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरूमध्ये तपशिलमा उल्लिखित सवारी साधनहरू (मोटरसाइकल, अटो तथा ट्याक्टर) जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ बमोजिम डाक लिलाम गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित शर्तहरूको अधिनमा रही लिलाम बढाबढ गरिने हुँदा सबैको जानकारीको लागि यो १५(पन्ध्र) दिने लिलामी सूचना प्रकाशित गरिएको छ।

२०७८।१०।२४

सन्तोष पोखरेल
तहसिलदार (शाखा अधिकृत)

मोरङ जिल्ला अदालत
विराटनगर
२०२१

<u>तपसिल</u>

| सि.नं. | सवारी साधन नं. | मोडल | इन्जिन नं. | चेसिस नं. | बनेको साल | सवारी साधनको किसिम | मुल्यांकन गरिएको रकम रू) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | को ४ प ७०२७ | SHINE | JC36E-9136065 | ME4JC366M78068899 | २००७ | मोटरसाइकल | ३०००।०० | स्क्राप |
| २. | को ३ प ४५२० | super splender | O5DAAF06397 | O5DAAE06436 | २००५ | मोटरसाइकल | ३०००।०० | स्क्राप |
| ३. | को ३ प ६६९० | Hero Honda | 05LACE01341 | 05LACF01050 | २००५ | मोटरसाइकल | ३०००।०० | स्क्राप |
| ४. | को १ त ८६८६ | स्कर्ट क.लि. | B3142375 | E3215D-E3158198 | ४३९/२०१० | ट्याक्टर | २२५००।०० | स्क्राप |
| ५. | को ३९ प ४६५६ | PULSAR 150 | DHYRKB79806 | MD2A11CY7KPB14609 | २०१९ | मोटरसाइकल | १५००००।०० | |
| ६. | BR 38 N 0251 | सुपर स्पेन्डर | JA05EGH9D04421 | MBLJAR031H9D29865 | २०१७ | मोटरसाइकल | ६७०००।०० | |
| ७. | BR 38 T 5321 | PULSAR150 | DHYRHG39015 | MD2A11CYHR02562 | २०१७ | मोटरसाइकल | ९२०००।०० | |
| ८. | को ३४ प २६७ | APRILLA | BY0162FMJ-42F750083 | LBMETX103F1001029 | २०१७ | मोटरसाइकल | ६१०००।०० | |
| ९. | को २४ प ४००५ | PULSAR150 | DHZWGL62929 | MD2A11CZ3GWM01223 | २०१६ | मोटरसाइकल | ७३०००।०० | |
| १०. | को ३५ प २२७२ | PULSAR NS 200 | JLYCJD43066 | MD2A36FY9JCD47108 | २०१८ | मोटरसाइकल | १६३०००।०० | |
| ११. | BR 37 U 5823 | Apache | BE4PJ2204067 | MD634BE44K2AL2588 | २०१९ | मोटरसाइकल | १५००००।०० | |
| १२. | को १५ प ७१६१ | Apache | OE4FD2482223 | MD634KE48D2F93461 | २०१३ | मोटरसाइकल | ३६०००।०० | |
| १३. | को २० प ३९३९ | XTREME HERO | KC12EEEGL02330 | MBLKC14AAEGC00439 | २०१४ | मोटरसाइकल | ४००००।०० | |
| १४. | BR 38 R 2468 | APACHE160 | AE7KJ2387851 | MD637AE73J2K91175 | २०१८ | मोटरसाइकल | १२१०००।०० | |

सन्तोष पोखरेल
(शाखा अधिकृत)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५. | प्र१-०२-०४० प ५०२७ | HAYATE SUZUKI | AEA1-128955 | MB8NE44ACK8113481 | २०१९ | मोटरसाइकल | १०८०००।०० | |
| १६. | को ३३ प २६६ | Pulsar | DHYRHH58557 | MD2A11CY6HRH22067 | २०१७ | मोटरसाइकल | ९६०००।०० | |
| १७. | को ३९ प ९२६० | Pulsar | DHYRKD55842 | MD2A11CY4KPD26898 | २०१९ | मोटरसाइकल | १५००००।०० | |
| १८. | को ३३ प २०६२ | Apache | OE4GH2146760 | MD634KE4XH2G44206 | २०१७ | मोटरसाइकल | ९६०००।०० | |
| १९. | को १ ह ७१११ | TVs Kings | OK41G4066940 | MD6H14PKOG4149815 | २०१७ | अटो | १६४६४६।०० | |
| २०. | को २ ह ६७३३ | TVs Kings | AK4G14888279 | MD6M14PA8J4174217 | २०१९ | अटो | २८२८५९।५२ | |
| २१. | को २ ह ४२४१ | Bajaj RE | AZYWJF61551 | MD2A2513YXJWF15145 | २०१८ | अटो | २१२०४१।७२ | |
| २२. | को २ ह ७२४१ | ATUL | VAR1902443 | MCG36P3PBD1947402 | २०१९ | अटो | २७२६५२।८० | |
| २३. | को २ ह ३९६८ | TVs Kings | AK4HJ4569403 | MD6M14PA094H58989 | २०१८ | अटो | २१६०४७।६१ | |
| २४. | को २ ह ३७२९ | Bajaj RE | AZYWJE50822 | MD2A25BY3JWE13137 | २०१८ | अटो | २१६०४७।६१ | |
| जम्मा (अक्षेरूपी सत्ताइस लाख अन्ठानब्बे हजार सात सय पन्चनब्बे रूपैंया छब्बिस पैसा मात्र) | | | | | | | २७,९८,७९५।२६ | |

सन्तोष पोखरेल
तहसिलदार (शाखा अधिकृत)

## शर्तहरू

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति २०७८।१०।२४ देखि १५ दिन भित्र अथार्त मिति २०७८।११।९ गतेसम्म कार्यालय समयभित्र रू.२०००।- राजश्व आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत साथै राखी निवेदन दिई तहसिल शाखाबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले बोल कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम यस अदालतको नाममा रहेको कृषि विकास बैङ्क विराटनगरको धरौटी खाता नं.०६०१६०१०१४०७००४५ कार्यालय कोड नं.२०४९७१३०१ मा जम्मा गरी भौचर सहितको बोलपत्र पेश गर्नुपर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरू मिति २०७८।११।१० गते मंगलवार दिनको ५.०० बजे बोलपत्रदाता, निजको प्रतिनिधिहरू र यस अदालतको प्रतिनिधिहरूको रोहवरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. बोलपत्र खोल्ने दिन सम्ममा सूचनामा उल्लिखित कुनै सवारी साधनहरू (मोटरसाइकल, अटो तथा ट्याक्टर) सवारी धनीले फिर्ता लगेमा बाँकी रहेका सवारी साधनहरूको लिलाम गरिनेछ ।

५. यातायात व्यवस्था कार्यालय सवारी इटहरी, सुनसरीको पत्रबाट खुलि आएको दर्ता शुल्क, कर, नविकरण, जरिवाना बोलपत्र खरिद कर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

६. सि.नं.१ देखि सि.नं.५ सम्मका सवारी साधनहरू (मोटरसाइकल/ट्याक्टर) उत्पादन भएको मितिले १० वर्ष अवधि पुरा भई सकेका हुँदा सवारी साधन लिलाम दर्ता गरिने छैन भनी यातायात व्यवस्था कार्यालय सवारी इटहरी, सुनसरीको पत्रबाट खुलि आएको हुँदा त्यस्ता पत्रु (Scrap) मुल्य कायम भएका सवारी साधन दर्ता नहुने र बोलपत्र खरिदकर्ताले त्यस्ता सवारी साधनहरू काटेर प्रयोग गर्न नमिल्ने गरी उठाई लैजानु पर्नेछ र पुनःसाविकको अवस्थामा प्रयोग गर्न पाइने छैन ।

७. बोलपत्रमा दर, रेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

...नाथ पोखरेल
तहसिलदार (शाखा अधिकृत)

८. म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

९. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१०. बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेस गरी छानवीन भएपछि प्रथम, द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ। उक्त प्रथम हुने बोलपत्रदाताले सम्झौता गर्न नआएमा क्रमशः द्वितीयलाई दिईनेछ। द्वितीय पनि नआएमा तृतीयलाई दिइनेछ। प्रथम र द्वितीयको १० प्रतिशत धरौटी जफत गरिनेछ। बोलपत्र सकारकर्ताले बाँकी ९० प्रतिशत रकम धरौटी खातामा जम्मा गरी ७ दिनभित्र उक्त सवारी साधन (मोटरसाइकल) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ। ७ दिनभित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिनेछ।

११. न्यूनतम मूल्यमा भन्दा कम मूल्यमा लिलाम बोल्न पाईने छैन।

१२. लिलाम हुने सवारी साधनहरू प्रचलित कानून बमोजिम नेपाल सरकारको नीति विपरित नहुने गरी प्रयोग गर्न पाईनेछ।

१३. सबै सवारी साधनहरू (मोटरसाईकल, अटो तथा टयाक्टर)को एकमुष्ट लिलाम बोल्नु पर्नेछ।

१४. लिलाम हुने सामान हेर्न चाहने व्यक्तिले यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

१५. लिलाम सकार गराउने नगराउने अन्तिम अधिकार यस अदालतलाई हुनेछ।

१६. यस सम्बन्धी थप कुराहरू बुझ्न परेमा कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

..........................

(सन्तोष पोखरेल)

तहसिलदार

शाखा अधिकृत

सन्तोष पोखरेल

तहसिलदार (शाखा अधिकृत)